# किसान सूचीकरण कार्यमा संलग्न सहजकर्ता र सम्पर्क व्यक्तिको सेवा सुविधा सम्बन्धी खर्चको मापदण्ड (नर्म्स), २०८२

(मा. मन्त्रीस्तर निर्णयबाट मिति २०८२/०१/२२ मा स्वीकृत)

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

# किसान सूचीकरण कार्यमा संलग्न्न सहजकर्ता र सम्पर्क व्यक्तिको सेवा सुविधा सम्बन्धी खर्चको मापदण्ड (नर्म्स), २०८२

प्रस्तवानाः किसानको पहिचान गरी सरकारी तवरबाट तथ्यपरक योजना तथा कार्यक्रमको तर्जुमा गर्न र किसानहरुलाई उपलब्ध गराइने सेवा सुबिधाको पारदर्शिता तथा सुशासन अभिवृद्धि गर्न तीनै तहको साझेदारीमा किसानहरुको आवश्यक विवरणहरु सङ्कलन गरी विद्युतीय प्रणाली व्यवस्थापन तथा सञ्चालन गर्न जारी भएको किसान सूचीकरण प्रणाली व्यवस्थापन तथा संचालन निर्देशिका, २०८१ बमोजिमको कार्यमा परिचालित हुने सहजकर्ता र सम्पर्क व्यक्तिको सेवा सुविधाको व्यवस्था मिलाउन आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १९(२) ले दिएको अधिकार प्रयोग गरी कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट यो किसान सूचीकरण कार्यमा संग्लन्न सहजकर्ता र सम्पर्क व्यक्तिको सेवा सुविधा सम्बन्धी खर्चको मापदण्ड (नर्म्स) जारी गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो नर्म्सको नाम किसान सूचीकरण कार्यमा संलग्न्न सहजकर्ता र सम्पर्क व्यक्तिको सेवा सुविधा सम्बन्धी खर्चको मापदण्ड (नर्म्स), २०८२ रहेको छ ।

(२) यो नर्म्स मन्त्रालयले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नर्म्समा;

(क) "किसान" भन्नाले खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ को दफा २(ख) बमोजिमको नागरिक सम्झनु पर्छ।

(ख) "निर्देशिका" भन्नाले किसान सूचीकरण प्रणाली व्यवस्थापन तथा संचालन निर्देशिका, २०८१ सम्झनु पर्छ।

(ग) "नियमावली" भन्नाले खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी नियमावली, २०८० सम्झनु पर्छ।

(घ) "प्रदेश मन्त्रालय" भन्नाले कृषि तथा पशुपन्छी क्षेत्र हेर्ने प्रादेशिक मन्त्रालयलाई सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले कृषि तथा पशुपन्छी क्षेत्र हेर्ने संघीय मन्त्रालयलाई सम्झनु पर्छ।

(च) "ऐन" भन्नाले खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ सम्झनु पर्छ।

(छ) "सम्पर्क व्यक्ति" भन्नाले निर्देशिकाको दफा २३ (१) बमोजिमको कर्मचारी सम्झनु पर्छ।

(ज) "सहजकर्ता" भन्नाले निर्देशिकाको दफा २३ (३) र (५) बमोजिम किसान सूचीकरण प्रणाली सञ्चालन र किसानको बैयक्तिक बिवरण तथा कृषि तथ्याङ्क संकलन गर्ने व्यक्ति सम्झनु पर्छ।

सचिव

<u>३. सहजकर्ता र सम्पर्क व्यक्तिका लागि सेवा सुविधा र खर्च गर्ने तरिका सम्वन्धी व्यवस्थाः</u> (१) किसान सूचीकरण प्रणाली व्यवस्थापन तथा सञ्चालनको लागि सहजकर्ता र सम्पर्क व्यक्तिको सेवा सुविधा विनियोजित बजेट र प्रचलित कानून अनुसार मन्त्रालय वा प्रदेश मन्त्रालय तथा स्थानीय तहबाट खर्च गर्न सकिनेछ ।

(२) सम्पर्क व्यक्तिहरुलाई नियमानुसारको यातायात तथा सञ्चार र खाजा खर्च उपलब्ध गराईनेछ।

(३) सहजकर्ताहरुले प्रत्येक किसानको बैयक्तिक विवरण तथा कृषि तथ्याङ्क सङ्कलन गरि सूचना प्रणालीमा प्रविष्ट गरे बापत प्रति स्थानीय तह १००० वा सोभन्दा कम घरधुरी भएमा प्रति घरधुरी १५० रूपैयाँ; १००१ देखि २००० घरधुरी सम्म भएमा प्रति घरधुरी १२५ रुपैयाँ; २००१ देखि ३००० घरधुरी भएमा प्रति घरधुरी १०० रुपैयाँ; ३००१ वा सो भन्दा वढी घरधुरी भएकोमा प्रति घरधुरी ७५ रुपैयाँका दरले पारिश्रमिक उपलब्ध गराईनेछ ।संकलित तथ्याङ्क पूर्ण रुपमा रुजु भइसकेपछि मात्र भुक्तानी हुनेछ।

<u>४. किसान सूचीकरणको प्रगति विवरण सम्बन्धी व्यवस्थाः</u> (१) सम्पर्क व्यक्ति र सहजकर्ताले आफ्नो कार्यक्षेत्र भित्र किसान सूचीकरण प्रणाली व्यवस्थापन र संचालनमा सहजीकरण गरेको प्रगति विवरण हरेक हसा आफु कार्यरत निकायमा लिखित रुपमा पेश गर्नु पर्नेछ ।

<u>५. प्रचलित कानून वमोजिम हुनेः</u> यस नर्म्समा उल्लेख भएका कुराहरुमा यसै बमोजिम र अन्यका हकमा प्रचलित नेपाल कानून वमोजिम हुनेछ।

सचिव